# रिपोर्टस् क्लबमा नेपालस्थित संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तका प्रतिनिधि श्री इयान मार्टिनको प्रस्तुती, अन्तरक्रिया र प्रश्नोत्तर सत्र

## २०६२ चैत्र २१ गते सोमबार, काठमाडौं ।

(मौखिक प्रस्तुतीको उतार, चैत्र २२ मंगलबार)

'मैले सरकारबाट सुन्न नचाहेको कुरा सुनेको छु । शान्तिपूर्ण प्रदर्शन गर्न पाउनु अधिकार हो र यस्ता प्रदर्शन गर्न पाउनुपर्दछ । शान्ति सुव्यवस्था कायम गर्न सुरक्षाफौजले अति न्यूनतम बल प्रयोग गर्नुपर्दछ । हामीले सुन्न चाहेको कुराहरू यिनै हुन् ।'

### प्रारम्भिक प्रस्तुतीः

दोस्रो पटक रिपोटर्स क्लब आउन पाउनु मेरा निम्ति खुशीको कुरो हो । तपाईहरूले भर्खर क्लबको नवौं वर्षगाँठ मनाउनुभएको छ । यसका निम्ति म, तपाइँ र तपाइँका सहकर्मीहरूलाई बधाइँ दिन चाहन्छु ।

संयुक्त राष्ट्रसंघीय महासभाले मानवअधिकार परिषद् गठन गर्ने निर्णयपछि परेका प्रभावबाट म आफ्ना भनाइहरू सुरु गर्न चाहन्छु । किनकि यस निर्णयबाट मानवअधिकार आयोगको कार्य समाप्त भएको छ र यसबारे मलाई धेरै व्यक्तिहरूले प्रश्न गर्ने गर्नुभएको छ । मूलतः नेपालमा मानवअधिकारको अवस्थामा पार्ने प्रभावका बारे ।

वास्तवमा, मानवअधिकार परिषद्को स्थापना, राष्ट्रसंघको सुधारार्थ महासचिवले राख्नुभएको प्रस्तावको एक अंश हो । राष्ट्रसंघीय प्रणालीभित्र यस प्रस्तावले मानवअधिकारका सवाललाई अरु गहन र प्रभावकारी पारेको छ । तसर्थ, राष्ट्रसंघीय सुरक्षा परिषद र आर्थिक तथा सामाजिक परिषद्सँगसँगै अब

१९ जुन महिनामा मानवअधिकार परिषद् अस्तित्वमा आउनेछ, जुन राष्ट्रसंघीय छलफलका निम्ति तीन निकायमध्ये एक हुनेछ । तसर्थ, विभिन्न कोणबाट विगतका मानवअधिकार आयोगभन्दा परिषद् अझ बढी प्रभावकारी हुनेछ ।

परिषद्ले लामो समयका निम्ति छिटोछिटो बैठक बोलाउनेछ । जबकि मानवअधिकार आयोग, वर्षको एकपटक मात्र ६ हप्ताका निम्ति जेनेभामा बैठक बस्दथ्यो । मानवअधिकार परिषद्को भने कम्तिमा एक वर्षमा ३ अधिवेशन बस्नेछ र ती अधिवेशनहरू जम्माजम्मी कम्तीमा १० सातासम्म चल्नेछन् । यसबाट विश्वका कुनै भागमा मानवअधिकारको अवस्था ज्यादै संकटमा पर्दा विशेष अधिवेशन डाक्न सहज हुनेछ । अझ महत्वपूर्ण कुरो के छ भने मानवअधिकार गम्भीररुपमा उल्लंघन गरिरहेका सदस्य मुलुकहरूका निम्ति परिषद्को सदस्य बन्न असहज बनाउन खोजिएको छ ।

मानवअधिकार आयोगका हकमा सरकारले क्षेत्रीय समूहहरू जस्तै एसियाका निम्ति एसिया, अफ्रिकाका निम्ति अफ्रिकी समूहबाट समर्थन प्राप्त गरे पुग्दथ्यो । अब भने सरकारले परिषद्को सदस्यताका निम्ति महासभाको बहुमत हासिल गरी ९६ मत हासिल गर्नुपर्नेछ । उमेद्वारी दिनेबारे विचार गर्न, मानवअधिकार संरक्षणमा सरकारले पुऱ्याएको योगदानबारे महासभाले विचार गर्नेछ । पहिलोपटक निर्वाचित सदस्यहरू, मानवअधिकारबारे राम्रो रेकर्ड भएका मुलुकहरू पर्नेछन् । तर, भयावहरुपमा मानवअधिकार उल्लंघन गरेमा महासभाको दुई तिहाई मतले परिषद्का सदस्य मुलुकलाई सदस्यताबाट हटाउन सक्नेछ ।

तसर्थ, मलाई लाग्छ, यहाँहरूले बुझिसक्नुभयो कि महासचिवले प्रस्ताव गर्नुभएको जस्तो दुरुस्त स्वरुपमा परिषद् नआए पनि उहाँ र मानवअधिकार उच्चायुक्त लुइस आर्बरले यस निर्णयको स्वागत गर्नुभएको छ । तपाईहरूका निम्ति राष्ट्रसंघमा मानवअधिकारबारे एक प्रमुख मार्गका रुपमा रहेको श्रीमती आर्बरका मन्तव्य हामीसँग उपलब्ध छ । तथापि सदस्य राष्ट्रहरूले गर्ने नयाँ मानवअधिकार परिषद्को निर्वाचनमा सबै कुराहरू निर्भर रहनेछन् र त्यसैले ती अवसरहरू लिनेछन् ।

तर, नेपालका निम्ति यसले के अर्थ राख्दछ ? यसर्थ, पहिलो कुरो उच्चायुक्तद्वारा पुरानो मानवअधिकार आयोगमा १६ फेब्रुअरीमा पेस गरिएको प्रतिवेदनबारे, नयाँ मानवअधिकार परिषद्ले १९ जुनपछि काम नथालेसम्म छलफल हुनेछैन । मानवअधिकार आयोगमा थाती रहेका सबै प्रतिवेदनहरू मानवअधिकार परिषदमा पठाइएको छ । तर, म भन्न सक्दिनँ, कहिले ? किनकि प्रथमतः ९ जुनमा नयाँ मानवअधिकार परिषदको निर्वाचित हुनेछ । र, त्यसपछि मात्र यसले आफ्ना कामकारवाही र प्राथमिकता तय गर्दै कसरी अघि बढाउने भनी निर्णय गर्नेछ । तसर्थ, यहाँका नागरिक समाजले अहिले नेपालबारे जेनेभामा छलफल हुने अपेक्षा गरिरहेका थिए । किनकि एक वर्षअघि अघिल्लो मानवअधिकार आयोगले यही सन्दर्भमा नेपाललाई विचार गरेको थियो । त्यही सन्दर्भमा नेपालमा कार्यालय स्थापना गर्ने तय भएको थियो । नागरिक समाजले छलफलको अपेक्षा अहिले गरेपनि १९ जुन पछिका कुनै समयमा सो छलफल हुनेछ । तर, अर्को बुँदा म यहाँ केमा जोड दिन चाहान्छु भने यस परिवर्तनबाट नेपालस्थित मानवअधिकार उच्चायुक्तको कार्यालयको कामकारवाहीमा कुनै असर पर्नेछैन । मानवअधिकार आयोगले हाम्रो कार्यदेश स्वागत गरे तापनि मानवअधिकार आयोगले ल्याएको प्रस्तावको परिणाम भने होइन । हाम्रो काम सरकारले उच्चायुक्तसँग गत वर्ष 'अप्रिल' मा सम्पन्न सम्झौतामा आधारित छ, जुन दुई वर्षका निम्ति रहेको छ र यो अप्रिल २००७ सम्ममा रहन्छ । तसर्थ, सो तिथिसम्मका लागि हाम्रो कामको निरन्तरताबारे कुनै पनि अनिश्चितता रहदैन ।

अवश्यः गत जनवरीको अन्त्यमा लेखिएको उच्चायुक्तको प्रतिवेदन र वर्तमान अवस्थाबारे केही भन्न तपाईहरूले मलाई यहाँ निम्तो दिनुभएको हो । मैले यो कुरा भन्नैपर्छ कि यद्यपि सो प्रतिवेदन आफैले अति गम्भीर मानवअधिकारसम्बन्धी सरोकारका सवालहरू उजागर गरे पनि गत जनवरीको प्रारम्भमा

माओवादीद्वारा घोषित एकतर्फी युद्धविरामको अन्त्यपछि द्वन्द्व चर्कन थालेको तीन महिना भएको छ । मलाई लाग्छ, सर्वसाधारणमा पर्न जाने द्वन्द्वको प्रभाव र अन्तर्राष्ट्रिय मानवीय कानूनको उल्लंघन हामी सबैको सरोकारको सवाल हो । उच्चायुक्तले प्रतिवेदन पेश गरेदेखि द्वन्द्व झनै चर्कँदै गएको छ ।

यस चरणमा आएर नेपाल कम्युनिस्ट पार्टी (माओवादी)ले सहरी क्षेत्रलाई लक्षित गर्दै आएको छ । यसको अर्थ उनीहरू जनघनत्व बढी भएको ठाउँतर्फ जादैछन् । उनीहरूले वास्तवमा नागरिक भवन लक्षित गर्दै नागरिकका भवन, प्रयोग गरिरहेका छन् । म यहाँ के कुरामा जोड दिन चाहन्छु भने विद्यालयको प्रयोग र द्वन्द्वबाट विद्यालयमा परेको प्रभावबारे, नेपालस्थित राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय मात्र नभई, समग्रमा राष्ट्रसंघीय प्रणाली र विश्व समुदायकै निम्ति ठूलो चासोको विषय बनेको छ । सहरी क्षेत्र लक्षित गर्नुको अर्थ हुन्छ कि त्यहाँ भिडन्तहरू भइरहेका छन् र सर्वसाधारणप्रतिको खतरा अरु बढी हुन जान्छ ।

हामी सबैलाई थाहा छ कि माओवादीहरूले पनि बम र विस्फोटक पदार्थ प्रयोग गर्दा अधिकांश सर्वसाधारणलाई गम्भीर खतरा हुने स्थानहरूमा राख्ने गरेका छन् । फलस्वरुप सुरक्षाफौजका सदस्यहरू र उत्तिकै सर्वसाधारण मारिने र घाइते हुने गरेका छन् । हामीले यसको ज्वलन्त उदाहरण पोखरामा देख्यौं, दैलेखको सरस्वती आवासीय विद्यालयमा राखिएको बमप्रति म अर्को एकपटक सम्भव भएसम्म कडा शब्दावलीमा भत्सर्ना गर्न चाहान्छु । माओवादीका प्रवक्ताले उनीहरूको नीतिअनुसार यस्ता घटना घटाएको अस्वीकार गर्दै जारी धेरै विज्ञप्ति पनि मैले 'नोट' गरिरहेको छु । तीमध्ये एक विज्ञप्तिले भन्दछ कि यसबारे माओवादीहरूले गम्भीर अनुसन्धान गर्ने र सोको प्रतिवेदन सार्वजानिक गरी दोषीलाई कारवाही गरिने बताएको छ । तर, विगतमा पनि यस्ता अनुसन्धान गर्ने वचन दिएका हुन् र घटनामा को जिम्मेवार रहेको र कस्तो कारवाही गरिएकोबारे कुनै स्पष्ट वक्तव्य आएको छैन । अतः गम्भीर अनुसन्धान जरुरी छ । हामी अवश्य, अरुसँग मिलेर आफ्नै अनुसन्धान गर्नेछौं ।

सरोकारका अन्य सवालहरूमध्ये जनमुक्ति सेनामा बालबालिकाको निरन्तर प्रयोग गरी माओवादीहरूले अन्तर्राष्ट्रिय मानवीय कानूनको अवज्ञा गर्नु हो । यस कुराको उनीहरूले अस्वीकार गरेपनि उनीहरूले १८ वर्षमुनिका बालबालिकालाई भर्ती गर्ने गरेको र हामीले निरन्तर धेरै यस्ता बालबालिकाहरूसँग अन्तरवार्ता लिएका छौं । माओवादीद्वारा अपहरितहरूमध्ये बढीलाई हामीले रिहा गर्ने अपेक्षा राखे पनि नागरिक अपहरणको शिलशिला भने जारी छ । हामी सबैलाई थाहा छ कि, पूर्वाञ्चलका क्षेत्रीय सहप्रशासकको माओवादी हिरासतमा मृत्यु भएको छ भने अन्यलाई कब्जामा लिने काम जारी छ जसले उनीहरूका परिवारहरूलाई गम्भीर सरोकार राख्दछ ।

अन्त्यमा माओवादीद्वारा अन्तर्राष्ट्रिय मानवीय कानूनको उल्लंघनसम्बन्धी हामीले केही सर्वसाधारण र युद्धका अवस्थाभन्दा बाहिर रहेका र नियन्त्रणमा लिई गरिएका अन्य सुरक्षाकर्मीका हत्याबारे घटनाहरूका हामीले अनुसन्धान गरिरहेका छौं ।

सुरक्षाफौजका सम्बन्धमा कुरा गर्दा हामीलाई धेरै चिन्ता तुल्याउने विषय भनेको माओवादीप्रति अपरेशनका क्रममा शाही नेपाली सेनाद्वारा प्रयोग गरिने हेलिकोप्टरको प्रयोग हो । अझ बढी सरोकारको सवाल त त्यहाँबाट मोर्टार बमको प्रहार गर्नु हो । अन्तर्राष्ट्रिय मानवीय कानूनअनुसार यस्ता कामकारबाहीले वैद्य निसाना (लेजिटिमेट टार्जेट) अर्थात् माओवादी र सर्वसाधारण छुट्याउन सक्दैन । हालै मात्र हामीले सिन्धुपाल्चोकमा हेलिकप्टरको प्रयोग भएको देख्यौं, जहाँ ६० वर्षका एकजना गाउँलेको मृत्यु भएको थियो । हामी अनुसन्धानका लागि निरन्तर लागिरेहका छौं । त्यस घटना माओवादीका जनमुक्ति सेनाले आफ्नो कार्यक्रमका लागि विद्यालय परिसर छनौंट गरेका थिए । अतः यसबाट विद्यालय प्रयोग गर्ने प्रवृत्ति देखिएको छ । तर, माओवादीहरूले विद्यालय, विद्यालय परिसर र अन्य प्रयोग गरे पनि के रहन्छ भने विद्यालय र नागरिक भवनलाई लक्ष्य गर्ने शाही नेपाली सेनाको दायित्व रहन्छ ।

साथै, शाही नेपाली सेनाका सम्बन्धमा, कब्जामा लिइएका वा कब्जामा लिनसक्ने परिस्थिति हुँदाहुँदै मारिएका भनिएका माओवादीहरूका हामी अनुसन्धान गरिरहेका छौं । यदि यस्ता

आरोपित घटनाहरू अनुसन्धानपछि सत्य ठहरिएमा त्यो सरासर अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लंघन हुन जानेछ ।

यद्यपि जानाजानी गैरसैनिक नागरिकहरूलाई लक्षित गर्ने कार्यको र अपेक्षाकृत कम प्रमाण भए तापनि गैरसैनिक नागरिकहरूप्रति गरिएको दुर्व्यवहारसम्बन्धी प्रतिवेदनहरू जुन विचलित पार्ने खालका छन्, निरन्तर आइरहेकै छन् । यस्ता दुर्व्यवहारका घटनाहरू कुनै शाही नेपाली सेना र सुरक्षाफौज त कुनै माओवादीहरूले गरेका भन्ने प्रतिवेदनहरूले औंल्याएका छन् । म वास्तवमा के उल्लेख गर्न चाहन्छु भने शाही नेपाली सेनाले हालै कञ्चनपुर जिल्लामा गैरसैनिक जनतामाथि भएको दुर्व्यवहारमा संलग्न आफ्ना जिम्मेवार कर्मचारीहरूविरुद्ध कारबाही अगाडि बढाएको कुरा जनाएको छ । तर, हामी अझै पनि अन्तर्राष्ट्रिय मानवीय कानुन र मानवअधिकारको उल्लंघन गर्ने शाही नेपाली सेना र सुरक्षाफौजका कर्मचारीहरूलाई उनीहरूले गर्ने त्यस्ता दुर्व्यवहार र उल्लंघनका निम्ति पूर्णरुपमा जवाफदेही बनाउने कुरा हेर्नबाट टाढै छौं । यद्यपि शाही नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीबलले उनीहरूले दुर्व्यवहार र उल्लंघनका घटनामा सामेल आफ्ना यति कर्मचारीहरूलाई अनुसन्धान र अनुशासनात्मक कारबाही गरेको भन्ने आँकडा देखाउने गर्छन् । तर, अझै पनि हामी त्यस्ता सूचना पाउन असमर्थ छौं, जसले हामीलाई सन्तुष्ट पारोस् अर्थात् प्रभावकारी अनुसन्धान र उपयुक्त दण्ड ।

अवश्य पनि हाम्रो कार्यालय प्रहरी र सुरक्षाफौजले हालसालै निकै संख्यामा घातक गोली प्रहारका घटनाहरू घटाइरहेको भन्ने व्यापक सार्वजनिक चिन्ता र चासोसँग धेरै मात्रामा सहमत छ । म अहिले मुठभेडको हैन, अन्य अवस्थाका बारे सोचिरहेको छु । दाङमा सेनाद्वारा उमेश थापामाथि भएको गोली प्रहारदेखि लिएर प्रहरीद्वारा जनकपुरमा यही चैत्र ११ गते राष्ट्रिय मानवअधिकार आयोगका दयाराम परियार र राष्ट्रिय प्रजातन्त्र पार्टीका रामचन्द्र यादवमाथि भएको गोली प्रहारका कार्यले प्रहरी र अन्यका तर्फबाट यस्ता गोली प्रहारका अनेकौ घटनाहरू भइरहेको देखिएको छ । यस्तो परिस्थितिमा, जोसुकै पनि शान्ति र व्यवस्थाको स्थिति जस्तोसुकै भए पनि सुरक्षाफौजले न्यूनतम बल मात्र प्रयोग गर्नुपर्छ भनी सरकार र यसका मन्त्रीहरूले तिनलाई सम्झाएको सुन्न चाहन्छ । साथै, जनताको शान्तिपूर्वक भेला हुन पाउने अधिकारको ख्याल गर्दै हिंसा हुन नदिन मात्र कारबाही गर्नु सुरक्षाफौज र सरकारको पनि कर्तव्य हो ।

यस सन्दर्भमा म यहाँ सुरक्षाफौजका केही अन्तर्राष्ट्रिय दायित्वहरू उल्लेख गर्न चाहन्छु, जसलाई परिपालन गर्न मेरो विचारमा मन्त्रीहरूले उनीहरूलाई स्पष्ट बुझाउने र सहयोग गर्ने काम गर्नुपर्दछ । यसलाई “कानुन कार्यान्वय गराउने अधिकारीद्वारा बल र बन्दुकको प्रयोगसम्बन्धी आधारभूत सिद्धान्तहरू’ भनिन्छ । यी सिद्धान्तहरू मानवअधिकारकर्मीहरूले तर्जुमा गरेका हैनन् । बरु यी त संयुक्त राष्ट्रसंघको ढाँचाभित्र रही सरकारहरूले सहमति जनाइ बनाएका नियमहरू हुन् ।

- “कानुन कार्यान्वयन गराउने अधिकारीहरूले आफ्नो कर्तव्य निर्वाह गर्ने शिलशिलामा बल र बन्दुकको प्रयोग गर्नुभन्दा अघि सम्भव भएसम्म अहिंसात्मक माध्यमहरू अपनाउनेछ...
- “जब कानुनसम्मत बल र बन्दुकको प्रयोग अपरिहार्य वा टार्न नसकिने हुन्छ, कानुन कार्यान्वयन गराउने अधिकारीहरूले: (क) बल र बन्दुकको यस्तो प्रयोगमा आत्मसंयमको अभ्यास गर्नेछ र अपराधको गाम्भीर्य समानुपातिक हुनेगरी वैध उद्देश्यहरू प्राप्त गर्न मात्र गर्नेछ; (ख) हानी र चोटपटकलाई न्यून गर्नेछ र मानव जीवनको सम्मान र संरक्षण गर्नेछ ...

- “सरकारहरूले के कुरा सुनिश्चित गर्नेछन् भने कानुन कार्यान्वयन गराउने अधिकारीहरूले गर्ने बल र बन्दुकको स्वेच्छाचारी प्रयोग र दुरुपयोगको लागि उनीहरूलाई देशको कानुनको मातहतमा रही त्यसलाई फौजदारी अपराधको रुपमा विचार गरेर दण्ड दिनेछ ।
- “आन्तरिक राजनीतिक अस्थिरता वा अन्य कुनै संकटकालजस्ता अपवादका परिस्थितिहरूलाई यी आधारभूत सिद्धान्तहरूबाट भाग्ने वा तिनलाई न्यायोचित ठहऱ्याउने आधारको रुपमा प्रयोग गरिने छैन ।
- “गैरकानुनी तर शान्तिपूर्ण भेला वा जमघटलाई तितरवितर पार्न कानुन कार्यान्वयन गराउने अधिकारीहरूले बल प्रयोग गर्ने छैनन् । तर, यसो गर्न व्यवहारिक नदेखिएको खण्डमा यस्तो बलको प्रयोगलाई न्यूनतम र आवश्यक मात्रामा सीमित गरिने छ ।
- “हिंसात्मक भेला वा जमघटलाई तितरवितर पार्न कानुन कार्यान्वयन गराउने अधिकारीहरुले कम खतरनाक माध्यमहरुको प्रयोग व्यवहारिक नदेखिएको खण्डमा मात्र बन्दुकको प्रयोग न्यूनतम र आवश्यक मात्रामा मात्र गर्न सक्ने छ ...
- “बल र बन्दुकको प्रयोगबाट प्रभावित व्यक्तिहरुलाई र साथै उनीहरुका कानुनी प्रतिनिधिहरलाई स्वतन्त्र न्यायिक प्रक्रिया सहितको पहुंच हुने छ । यदि यस्तो बेलामा कुनै व्यक्तिको मृत्यु भएको खण्डमा उसका आश्रितहरुलाई पनि यहि व्यवस्था लागू हुनेछ ।
- “सरकार र कानुन पालना गराउने निकायहरूले के कुरा सुनिश्चित गर्ने छन् भने उच्च अधिकृतहरूले आफ्नो मातहतमा रही काम गरिरहेका कानुन पालना गराउने अधिकारीहरूले गैरकानुनी हिसावले बल र बन्दुकको प्रयोग गरिरहेका छन् वा गरेको छन् भन्ने कुरा थाहा छ वा थाहा हुनुपर्थ्यो । तर, त्यस्तो कार्य रोक्न आफ्नो शक्ति प्रयोग गरेन, दबाएन वा त्यसको जानकारी गराएन भने उनीहरूलाई त्यसको लागि जिम्मेवार बनाइने गरेको छ...
- “यदि कानुन पालना गराउने अधिकारीहरूले आफूभन्दा माथिल्लो अधिकारीले दिएको बल र बन्दुकको प्रयोगसम्बन्धी आदेशको परिणामस्वरुप हुने कुनै पनि व्यक्तिको मृत्यु वा गम्भीर चोटपटकका कुरा स्पष्टतः गैरकानुनी हो भन्ने थाहा थियो र उसँग त्यस्तो आदेश नमान्ने यथोचित अवसर थियो भने माथिल्लो अधिकारीको आदेशको पालना गरेकै कुरालाई उसको बचाउको आधार मानिने छैन । यस्ता प्रत्येक घटनामा गैरकानुनी आदेश जारी गर्ने उच्च अधिकारीहरूमा पनि जिम्मेवारीको अंश भने जान्छ।”

यी सरकारका दायित्वहरू हुन् कि मन्त्रीज्यूहरूले आफ्ना सुरक्षाफौजलाई सम्झाइरहनुहुनेछ भन्ने म अपेक्षा गर्दछु । अवश्य, प्रदर्शनको संघार छौं, आयोजकहरुले ती कार्यक्रम शान्तिपूर्ण हुने बताएका छन् । जनवरीमा पूर्वनियोजित प्रदर्शनअगावै सार्वजानिक सुरक्षा ऐनअन्तर्गत पक्राउ गरिएका ७ जना मानिसहरू विगत दुई महिनादेखि अझै थुनामा छन् । यसअघि पनि मैले भत्सर्ना गरिसकेको छु । आज म पुनः भत्सर्ना गर्दछु । यद्यपि सर्वोच्च अदालतले यस्तो थुनालाई गैरकानूनी भन्दै आएको छ । सार्वजानिक सुरक्षा ऐन र आतंककारी तथा विध्वंसात्मक गतिविधि रोकथाम तथा नियन्त्रण ऐन (टाडो) को प्रयोगप्रति नेपालस्थित मानवअधिकार उच्चायुक्तको कार्यालयले धेरै चासो राख्दछ, जसको पुनरावोलकनका निम्ति हिजोको तिथि तय गरिएको थियो । मानवअधिकारको स्तरमा ‘टाडो’ कसरी ल्याइनुपर्दछ भनी हामीसँग परामर्श गरिए पनि यसको पछिल्लो मस्यौदा हामीले हेर्ने मौका नपाएको पछुतो लागेको छ ।

वर्तमान अवस्थामा अरु बढी मानवअधिकार उल्लंघनलाई रोक्नु महत्वपूर्ण हो भनी मेरा भनाइहरूको बीट मार्दै, तर विगतमा भएका मानवअधिकार उल्लंघनका घटनालाई भुल्न हुदैन । विशेषतः हालैका वर्षहरूमा हिरासतमा बेपत्ता पारिएकाहरूका स्थिती प्रष्ट्याउने आवश्यकताबारे मैले सोचिरहेको छु । हिरासतमा बेपत्ता पारिएको स्थिती प्रष्ट्याउनु मात्र राज्यको दायित्व होइन, दोषीहरूलाई जवाफदेही ठहऱ्याउनु पनि राज्यको दायित्व हो ।

अन्त्यमा, म अहिले रिपोटर्स क्लबमा छु र देशभर आफ्नो काम गरिरहदा पत्रकारहरूविरुद्ध धेरै खालका चेतावनी प्रकाशमा आएका छन् । त्यसबारे हामी निरन्तररुपमा सचेत छौ भन्ने तपाईहरूले थाहा पाउनुभएको छ भनी मैले आशा गरेको छु । मानवअधिकार उल्लंघनका घटनाहरूलाई प्रकाशमा ल्याउन सुनिश्चित गराउनुहुने धेरै पत्रकारहरूका दृढताप्रति म पुनः बधाइँ दिन चाहन्छु । पत्रकारिता गर्ने सन्दर्भमा माओवादी र राज्य जुनसुकै पक्षबाट होस्, भोग्नुपरेका पीडा र धम्कीप्रति अधिकार संरक्षणका सवालमा हामीले गर्नसक्ने काम गर्न हाम्रो कार्यालय निरन्तर तपाईहरूको साथमा रहनेछ ।

तपाईहरूलाई धेरै धन्यवाद

# प्रश्नोत्तर सत्र

प्रश्न १

उच्चायुक्तले नेपालको मानवअधिकारसम्बन्धी प्रतिवेदन पेस गरिसक्नुभएको छ । यसमाथि छलफल के जुन १९ पछि गरिन्छ ? के जनवरी महिनापछिका घटनाहरू पनि यसमा समावेश गरिनेछन् ?

इयान मार्टिनः

राम्रो प्रश्न गर्नुभयो । उच्चायुक्तको नेपालसम्बन्धी प्रतिवेदनमाथि मानवअधिकार आयोगले विचार गरेको छैन । आयोगको अधिवेशन छोटो समयका लागि मात्र बस्यो र सबै विषयवस्तुहरूको छलफल मानवअधिकार परिषद्मा सर्ने गरी यसको अधिवेशन सम्पन्न भयो । तसर्थ, आयोगले नेपालको मात्र नभएर कुनै पनि देशको मानवअधिकार स्थितिमाथि छलफल गरेन । अबको प्रश्न भनेको मानवअधिकार परिषद्ले कहिले उक्त प्रतिवेदनमाथि छलफल गर्ला र उच्चायुक्तको प्रतिवेदनलाई अद्यावधिक बनाइनेछ कि छैन् भन्ने हो । तर, यो कहिले हुन्छ भनेर म भन्न सक्दिनँ ।

आफ्नो कामको आयोजना र प्राथमिकता कसरी निर्धारण गर्ने भन्नेबारेको निर्णय मानवअधिकार परिषद् आफैंले गर्नेछ । मलाई लाग्छ, प्रथमतः उनीहरूले आफ्ना सदस्यहरूको चुनाव गर्नेछन् अनि आफ्नो कार्य कसरी अगाडि बढाउने भन्नेबारे उनीहरूले छलफल गर्नेछन् । तसर्थ, जुन १९ पछि कहिले प्रतिवेदनमाथि छलफल हुन्छ भनेर अहिले म भन्न सक्दिनँ । प्रतिवेदन प्रस्तुत गर्ने सम्बन्धमा पनि म निश्चयसाथ केही भन्न सक्दिनँ । अद्यावधिक गरिएको औपचारिक प्रतिवेदन प्रस्तुत गर्न समय हुन्छ कि हुँदैन वा हाम्रो कार्यालयबाटै सिधै प्रतिवेदन प्रकाशित गरेर जानकारीलाई अद्यावधिक गर्ने कि, म यसको जवाफ दिन सक्दिनँ । तर, हाम्रो कार्यालयले गरेको अनुगमनबाट प्राप्त सूचनामार्फत् हामी अन्तर्राष्ट्रिय समुदायलाई जानकारी उपलब्ध गराउनेछौं । यसले एक औपचारिक प्रतिवेदनकै रूप लिन्छ कि लिंदैन भन्न सक्दिनँ ।

प्रश्न २

यसै हप्ता हुन लागेको हडताल र ऱ्यालीभन्दा अगाडि तपाईका सरोकारका सवालहरू के के छन्?

इयान मार्टिनः

हाम्रो पहिलो सरोकारको विषय भनेको शान्तिपूर्वक भेला हुने अधिकारको सम्मान हुनुपर्दछ र यो अधिकारको उपभोग गर्दा कसैलाई स्वेच्छिक पक्राउ गर्न र थुन्न पाईदैन । गत जनवरीमा भएको घटनालाई हेर्ने हो भने जनवरी १९ मा भएका धरपकड तथा त्यसपछि भएका पक्राउहरू, सर्वोच्च अदालतले नेपाली कानुनविपरित छन् भनेका स्वच्छेचारी थुना सबै अन्तर्राष्ट्रिय मानवअधिकारका मापदण्डहरूविपरित छन् । अर्को चिन्ताको कुरा के हो भने अनुचित र अनावश्यक बल- खासगरी औचित्य ठहऱ्याउन नसकिने अवस्थामा बन्दुकहरूको प्रयोग- को प्रयोग गरिनु हुँदैन् ।

प्रश्न ३

(राम्ररी सुन्न नसकिएको)
अप्रिलमा हुने नेपालमा मानवअधिकार अवस्थाबारे स्वीस सरकारद्वारा बोलाइएको बैठकमा के नेपालस्थित मानवअधिकार उच्चायुक्तको कार्यालयले कसैलाई भाग लिन पठाउदैछ ?

इयान मार्टिनः

(राम्ररी सुन्न नसकिएकोः निम्तो पाउनुभएको निश्चत हो ।) 'परिस्थतीले साथ दिए सो बैठकमा उपस्थित हुने अपेक्षा गरेको छु ।'

प्रश्न ४

बन्द कार्यक्रमको अनुगमन तपाईहरूले गर्नुहुन्छ ?

इयान मार्टिनः

त्यस अवधिमा के हुन्छ, सो कुरा हामीले क्रियाशिलताका साथ अनुगमन गर्नेछौं । काठमाडौंमा मात्र नभई मुलुकभर केही गतिविधिका साथ हामीले अनुगमन थालिसकेका छौं । स्पष्टतः थोरै जनशक्ति भएकाले सबै समयमा जहाँतही हामी उपस्थित हुन सक्दैनौं । तर, कहाँ अनुगमन गर्ने भन्ने कुरो हामीले छनौट गर्नुपर्दछ । यद्यपि, उनीहरूले बढी बलको प्रयोग नहुने र सही ढंगले प्रदर्शन हुने सुनिश्चित गराउन हामीले अनुगमन थालिसकेका छौं । अवश्य, हाम्रो उपस्थितीले शान्तिपूर्ण प्रदर्शनमा लाग्न प्रदर्शनकारीहरूलाई प्रोत्साहन मिल्दछ । पक्राउ र थुनाका घटनाहरू, धम्की र सम्भावित धम्की जस्ता मानवअधिकार उल्लंघनका बारे हामी नजिकबाट अनुगमन गरिरहनेछौं । अतः यस अवधिमा हामी सकृयताका साथ अनुगमन गरिरहनेछौं ।

प्रश्न ५:

जनवरीमा भएको प्रदर्शनअघि शाही नेपाली सेना र सरकारले उस्तै सन्देशहरू संप्रेषण गरिरहेका छन्, जसमा काठमाडौंमा माओवादी घुसपैठका कुराहरू छन्, त्यसैले हिंसा नियन्त्रण गर्न सरकारले अपनाएका उपायहरू आवश्यक थिए । तर, कर्फ्यू र पक्राउलगायतका सवालमा सरकारी यी भनाईहरूमा तपाई कत्तिको तर्कसंगत देख्नुहुन्छ ।

इयान मार्टिनः

यसबारेमा पनि निश्चित सूचना दिन सक्दिनँ । किनकी यसबारेमा सरकारले सूचना आदनप्रदान गरेको छैन । सूचनाको प्रकृतिबारे मलाई केही पनि थाहा छैन, न त २० जनवरीअघिका सूचनाको प्रकृति नै । वैध सुरक्षा सरोकारका आधारमा, सरकारले निःसन्देह अन्तर्राष्ट्रिय मापदन्डले केही रोक लगाउन सक्दछ । निश्चय नै त्यो एक सवाल हो । तर, २० जनवरीअघि, १९ जनवरीमा पक्राउ परेकाहरू नागरिक समाज वा राजनीतिक दलका नेताहरू, जो अहिले पनि थुनामै छन्, शान्तिपूर्ण र्‍यालीमा भाग लिने रेकर्ड भएका व्यक्तिहरू हुन् । उहाँहरू माओवादी वा अन्यबाट भएका हिंसाविरोधी हुनुहुन्छ।

प्रश्न ६:

केही जिम्मेवार मन्त्रीहरूले आउँदो ऱ्यालीमा भाग लिनेहरूलाई माओवादीसरह व्यवहार गरिने कुरा गरिरहेका छन् । यी कुराहरूलाई तपाईले कसरी लिइरहनुभएको छ? आज प्रकाशित एउटा पत्रिकामा सहायक गृहमन्त्रीले शान्तिपूर्ण प्रदर्शनका सहभागीहरूलाई गोली हान्न पनि सरकार पछि पर्नेछैन भनी वीरगञ्जमा बोलेको कुरा छापिएको छ ।

इयान मार्टिनः

तपाईले भनेजस्तै मैले पनि यस्ता भनाइहरू आएको देखेको छु र माओवादीलाई जस्तै राजनीतिक दलहरूलाई व्यवहार गरिने छैन् भन्ने सङ्केत गर्दै आएका भनाइहरू पनि देखेको छु ।

मानवअधिकार र मानवीय कानुनबीचको विभेद भनेको सशस्त्र सङ्घर्षमा भाग लिनेहरू र शान्तिपूर्ण विरोध कार्यक्रमहरूमा भाग लिनेहरूबीच रहेको छ । सशस्त्र सङ्घर्षको सवालमा सुरक्षाफौजको भूमिका उपयुक्त माध्यममार्फत् लड्नु हो । मन्त्रीहरूले के भने भन्नेबारे म टिप्पणी गर्न चाहन्न र मन्त्रीहरूले ठ्याक्कै के भन्न खोजेको हो मलाई थाहा छैन् । तर मैले सरकारबाट सुन्न नचाहेको कुरा सुनेको छु । शान्तिपूर्ण विरोध जनताको अधिकार हो र यसको सम्मान हुनुपर्दछ । शान्ति तथा सुव्यवस्था कायम राख्न एकदमै न्यूनतम बलमात्र प्रयोग गर्नुपर्दछ । म यिनै कुरा सुन्न चाहन्छु

प्रश्न ७:

नेपाल, मानवअधिकार परिषद्को सदस्यता बन्न कुनै असर पर्ला ?

इयान मार्टिनः

मलाई थाहा छैन । प्रथमतः मानवअधिकार परिषद्को सदस्यताका लागि सरकार आफैले कुनै निर्णय गरिरहेको छ कि । यसमा जम्मा ४७ सदस्यहरू रहन्छन् र १३ सदस्य एसियाबाट आउनेछन् । मानवअधिरका आयोगको सदस्य संख्याभन्दा यो कही वृद्धि भएको हो । तर मैले भनेजस्तै, अहिले आफ्नो क्षेत्रबाट पालैपालो (रोटेसन) आधारमा समर्थन पाउनु त छँदैछ, मानवअधिकार अलिभेखलाई पनि उत्तिकै आधार मानिएको छ । अहिले सरकारको मानवअधिकारप्रतिको प्रतिवद्धतालाई मध्यनजर राखिने मान्यता तय गरिएको छ, सरकारलाई महासभाको बहुमत ९६ बहुमतको आवश्यकता पर्दछ । यदि महासभाको बहुमतले सरकारको मानवअधिकार अभिलेखप्रतिको सरोकार सकारात्मक पाए, समर्थन पाउन सक्दछ । यसबारे के विचार गर्दैछ भन्ने कुरो सरकार आफैले भन्ने कुरो हो, मैले होइन । चुनाव पूर्णतः सदस्य राष्ट्रहरूकै हातमा निर्भर पर्ने कुरो हो, न त उच्चायुक्त वा अरु कसैको ।

प्रश्न ८:

तपाईले शाही नेपाली सेनाले आफ्ना केही सैनिकहरूलाई सजाय दिएको कुराको स्वागत गर्दै यो पर्याप्त छैन भन्नुभयो । तपाई सेनाले विशेष के गरोस् भन्ने चाहनुहुन्छ?

इयान मार्टिनः

हामी शाही नेपाली सेनाले गरेका गम्भीर उल्लङ्घनका प्रत्येक घटनामा प्रभावकारी छानबिन र उचित सुनुवाई होस् भन्ने चाहन्छौं । अहिलेको प्रश्न हो, यस्तो सुनुवाई सुरक्षाफौजभित्रै हुनुपर्छ कि गैरसैनिक अदालतमा हुनुपर्छ भन्ने हो । अन्तर्राष्ट्रिय मान्यता चाहिँ के हो भने कुनै पनि देशमा सुरक्षाफौजले सर्वसाधारणविरुद्ध हिंसा गरेमा तिनीहरूलाई गैरसैनिक फौजदारी न्याय प्रक्रियाअन्तर्गत कारबाही गरिनुपर्छ भन्ने छ । नेपालमा सैनिक ऐनअन्तर्गत सैनिक कारबाहीका बेला गरिएको अवस्थामा बाहेक अन्य अवस्थामा घटेका हत्या र बलात्कार निजामती अदालतले हेर्ने गर्दछ । हामीले शाही नेपाली सेनालाई केही महत्वपूर्ण मुद्दामा गरिएका फैसलाहरूको विस्तृत विवरण उपलब्ध गराउन भनेका थियौं । तर उनीहरूले हामीलाई त्यस्तो जानकारी अहिलेसम्म उपलब्ध गराएका छैनन् । कम्तीमा पनि हाम्रो कार्यालयलाई त्यो स्तरको पारदर्शिता नदेखाइ हामी उचित निर्णय गर्न सक्दैनौं । अर्को कुरा, यी अहिलेका छानबिनहरू पर्याप्त मात्रामा स्वतन्त्र र प्रभावकारी छन् कि छैनन् भन्नेवारेमा हामीलाई निकै चासो छ ।

(केही बेर सत्र स्थगन...)

त्यसो भए शाही नेपाली सेनाले एउटा पनि घटनाको छानविनको सूचना दिएको छैन?

इयान मार्टिनः

हामीले एउटा घटनाको पनि पुरा छानविन र कोर्ट मार्शल कारवाही गरिएको सूचना पाएका छैनौं । केही केसका सवालमा भने संक्षिप्त सूचना उपलब्ध गराइएको छ ।

प्रश्न ९:

यातनासम्बन्धी सरकारी कानुनको मस्यौदा के तपाईलाई उपलब्ध गराइएको छ ?

इयान मार्टिनः

यातनाविरुद्धको समिति र यातनासम्बन्धी विशेष समाधीक्षकले यातनासम्बन्धी नेपालको कानुनमा खास कसुरको उल्लेख नगरिएको कुरा बताउँदै सोबारे विशेष फौजदारी कानुनको लागि सिफारिस गर्नुभएको थियो। सरकारले यो सिफारिसलाई स्वीकारेको र यातनालाई अपराधकृत गर्न लागेको कुरा बताएको थियो । निश्चय नै म यस्को स्वागत गर्दछु । मस्यौदा तयार भइसकेको छ र अहिले यो सरकारभित्रै छलफलको क्रममा छ । हामीले त्यो हेर्नका लागि भनेका छौं जसले गर्दा यो अन्तर्राष्ट्रिय मापदण्डसँग पूर्ण रूपले मेल खान्छ कि खाँदैन् भन्नेबारे हामी आफ्नो सुझाब दिन सक्छौं । हामीसँग सल्लाह लिने कुरा गरिएको थियो तर अहिलेसम्म हामीले मस्यौदाको पाठ हेर्न पाएका छैनौं ।

प्रश्न १०:

एकपक्षीय युद्धविराम गर्न राजनीतिक दलहरूले माओवादीलाई गरे पनि एसएलसी परीक्षामा विस्फोटन गर्नेजस्ता हिंसात्म गतिविधि निरन्तर जारी राखेका छन् । के तपाई आफ्नो सङ्गठनको तर्फबाट सकेसम्म चाँडो एकपक्षीय युद्धविराम गर्नका लागि उनीहरूलाई अनुरोध गर्ने सोचाइमा हुनुहुन्छ?

इयान मार्टिनः

यस सम्बन्धमा मेरो भनाइ के छ भने मेरो सङ्गठन भनेको मानवअधिकारका लागि उच्चायुक्तको कार्यालयमात्र नभएर समग्रमा संयुक्त राष्ट्रसङ्घ नै हो । महासचिवले बारम्बार युद्धको अन्त्य र पारस्परिक युद्धविरामका लागि आह्वान गरी सक्नुभएको छ । माओवादी एकपक्षीय युद्धविरामको बेला महासचिवले सरकारलाई पनि युद्धविराम गर्न र माओवादीहरूलाई युद्धविराम लम्ब्याउन अनुरोध गर्नुभएको कुरा तपाईहरूलाई थाहा नै होला । यी वास्तवमा महासचिवले गर्ने कुरा हुन् । म के मात्र भन्न सक्छु भने एकपक्षीय युद्धविरामकै बेलामैं भए पनि मानवअधिकार तथा मानवीय कानुनको स्थितिमा केही सुधार आएको थियो । तर अहिले पूर्णस्तरको युद्ध सुरु भएको हुनाले निश्चय नै स्थिति बिग्रेर गएको हामी देखिरहेका छौं । तसर्थ, मानवअधिकार तथा मानवीय कानुनको सन्दर्भमा युद्धविरामले सकारात्मक भूमिका खेल्नेछ भन्ने कुरा स्पष्ट छ ।